


# १० इतिहासको रुपमा प्रस्तुत गरिएको बाइबल

*यस अध्यायका मूल पदहरू:* १ शमूएल १७, यशैया ३६:१-३, यशैया ३७:१४-३८, दानिएल १, दानिएल ५, मत्ती २६:५७-६७, हिब्रू ११:१-४०।

***यस अध्यायको मूल सार पद:*** **"म तिम्रो परमप्रभु परमेश्वर हुँ। मैले नै तिमीहरूलाई इजिप्ट वा मिश्रदेशबाट निकालेर ल्याएँ" (प्रस्थान् २०:२ र व्यवस्था ५:६ रूपान्तरित)।**

इतिहासकै परिवेशमा बाइबल रचिएको छ।निश्चित उद्देश्यकासाथ परमेश्वरले यो संसारलाई सृष्टि गर्नुभयो तर पापको कारणले त्यस उदेश्यलाई हस्तक्षेप गर्यो। यो संसार यस्तै यथास्थितिमा वा जस्ताको तस्तै विग्रिरहेको अवस्था सधैं रहिनरहने तर येशूको दोस्रो आगमनमा यो विग्रिएको संसारको पुनस्थापना हुनेछ भनेर बाइबलले ठोकुवा गर्दछ।

संसारमा धेरै धर्महरू छन् र तिनको आ-आफ्नै धर्मशास्त्रहरू छन्। तर बाइबलको ऐतिहासिक स्वभावले गर्दा अरू सबै धर्मशास्त्रहरूभन्दा यो फरक छ। परमेश्वरको अस्तित्वलाई बाइबलले स्वःत स्वीकारेको छ र इतिहासमा उहाँको व्यक्तिगत हात रहेको कुरा बाइबलले बताउँछ। सुरूमा परमेश्वर बोल्नुहुदा यस पृथ्वीमा जीवन देखा परेको थियो वा सृष्टि भएको थियो (उत्पत्ति १:१-३१)। उहाँले कल्दी वा बेबिलोन वा आधुनिक इराकबाट अब्राहमलाई बोलाएर प्रतिज्ञा गरिएको देशमा रहन दिनुभयो। मिश्र अर्थात् इजिप्टमा दासत्व वा कमैयाको जीवन बिताइरहेका उहाँका मानिसहरूलाई उहाँले उद्धार गर्नुभयो। उहाँले आफ्नै हातले ढुङ्गाको पाटीमा दश आज्ञाहरू कोर्नुभयो (प्रस्थान ३१:१८)। उहाँ मानिसहरूको हृदय आफूतिर फर्काएर मानिसले नीतिगतरूपमा उचित जीवन बितऊन् (व्यवस्था ५:२९) भनेर आह्वान गर्न र

सिकाउन अगमवक्ताहरू पठाउनुहुन्छ। पापमै रहन चाहने मानिसहरूलाई उहाँले न्यायहरू पठाउनुहुन्छ वा कार्वाही गर्नुहुन्छ। अरू देशहरूलाई परमेश्वरको मुक्तिको योजना प्रकट गरियोस र उहाँको आदर्श व्यवस्था वा नीति अनुसार मानिसहरू चलून् भनेर उहाँ विशेष जाति चुन्नुहुन्छ। अन्तमा आएर उहाँ आफ्नो पुत्र येशू ख्रीष्टलाई पठाउनुभएर विश्वको इतिहासको मिति सदाको निम्ति अलग्याउनुहुन्छ।

यस अध्यायमा हामी इतिहासका केही मूल विषयबस्तुहरूलाई हेर्नेछौं। ती विषयबस्तुहरू बाइबलमा नै चित्रण गरिएका थिए। केही पुरातात्विक प्रमाणहरू वा बाइबलमा लेखिएका इतिहासका वृतान्तहरू सत्य हुन् कि होइनन् भनेर खोजअनुसुन्धान गर्ने ज्ञानद्वारा प्रमाणित गरेका केही प्रमाणहरू पनि हामी यस अध्यायमा नियाल्नेछौं।

## १. राजा दाउद, राजा सोलोमन र राजतन्त्र

**राजा दाउद र राजा सोलोमनको युगलाई इस्राएलको इतिहासमा स्वर्णयुगको रूपमा मानिन्छ।** परमेश्वर र बाइबलप्रति आस्था नराख्ने कतिपयले त दाउद र सोलोमन केवल मनगडन्ते वा काल्पनिक राजाहरू हुन् भनेर दावी गर्दछन्। तिनीहरूको राज्य बाइबलले भने अनुसार प्रभावशाली थिएन भनेर तिनीहरू सिकाउँछन्। यो कुरा सत्य हो कि दाउदबिना इस्राएलको राजधानी यरुशलेम (२ शमूएल ५:६-१०) हुने थिएन। यदि राजा दाउद नै नभएको भए उनको छोरा राजा सोलमनले मन्दिरको निर्माण गर्ने थिएनन् (१ राजा ८:१७-२०) यदि दाउद नै थिएनन् भने उनको बंशवाट आउने भविष्यको मसीह (यर्मिया २३:५,६, प्रकाश २२-१६) पनि हुने थिएनन्। अनि इस्राएलको इतिहास एकदमै नयाँ तरिकाले लेख्नुपर्ने हुन्थ्यो। यद्यपि बाइबलमा लेखिएको इस्राएलको इतिहासले नै इस्राएलको पहिचान, चर्चमा यसको विशेष भूमिका र लक्ष्यलाई उघार्दछ।

**१ शमूएल १७ पढ्नुहोस्। यस विवरणमा इस्राएलीहरू युद्ध गरिरहेका बेलामा परमेश्वरले तिनीहरूको निम्ति कस्तो निर्णायत्मक विजय उपलब्ध गराउनुभयो सो बताइएको छ। यस विजयमा कसलाई प्रयोग गरिएको थियो? त्यो विजय कुन ठाउँमा हुन्छ? हेर्नुहोस्, "१ पलिश्तीहरूले युद्धको निम्ति आफ्नो फौज जम्मा गरे, र यहूदाको सोकोमा भेला भए। उनीहरूले सोको र आजेकाको बीचको एपेस-दम्मीममा छाउनी हाले। २ शाऊल र इस्राएलीहरू पनि भेला**

भएर एलाहको बेंसीमा छाउनी हाले। तिनीहरूले पलिश्तीहरूका सामु पङ्क्ति
बाँधे। ३ पलिश्तीहरू एउटा डाँड़ामा र इस्राएलीहरू अर्को डाँड़ामा ठाउँ ओगटेर
बसे, तिनीहरूका बीचमा एउटा बेंसी थियो। ४ पलिश्तीहरूको छाउनीबाट
गातको गोल्यत नाउँको एक जना वीर निस्केर आयो। त्यो तीन मिटरभन्दा
अल्गो थियो। ५ त्यसको शिरमा काँसाको टोप थियो, र साठी किलो ओजन
भएको काँसाको झिलम त्यसले लगाएको थियो। ६ त्यसका गोड़ामा काँसाका
झिलम थिए, र त्यसका हतियारहरूमध्ये एउटाचाहिँ काँसाको बर्छा ढाड़मा त्यसले
बोक्यो। ७ त्यसको भालाको लट्ठी कपड़ा बुन्ने जुलाहाको डन्डाजत्रो थियो, र
भालाको टुप्पा, जो फलामको थियो, त्यसको ओजन सात किलो थियो। त्यसको
ढाल बोक्ने त्यसको अगिअगि हिँड्थ्यो। ८ गोल्यत खड़ा भयो र इस्राएलको
फौजलाई भन्यो, "तिमीहरू किन लड़ाइँ गर्नलाई आउँछौ? म पलिश्ती हुँ। के
तिमीहरू शाऊलका सेवक होइनौ? मसँग लड्नलाई तिमीहरूको मानिस चुन। ९
यदि एकलै लड़ेर त्यसले मलाई मार्न सक्यो भने हामी तिमीहरूका कमारा
हुनेछौं। तर यदि मैले त्यसलाई जितेर मारें भने तिमीहरूले हाम्रा कमारा भएर
हाम्रो सेवा गर्नुपर्नेछ। १० तब त्यस पलिश्तीले भन्यो, "आजको दिन म
इस्राएलको फौजलाई तुच्छ गन्छु। एक जना मानिस पठाओ, र हामी लड़ौं।"
११ जब शाऊल र इस्राएलीहरूले त्यस पलिश्तीले भनेको कुरा सुने तब
तिनीहरू आत्तिए, र साह्रै खिन्न भए। १२ अब दाऊद यिशै भन्ने एप्रातीका छोरा
थिए, जो यहूदाको बेथलेहेमका थिए। यिशैका आठ भाइ छोराहरू थिए।
शाऊलको पालोमा तिनी कमजोर र वृद्ध भइसकेका थिए। १३ तिनका जेठा,
माहिला र साहिँला छोराहरूचाहिँ युद्धमा शाऊलको पछि लागेका थिए। जेठा
एलीआब, माहिला अबीनादाब र साहिँला शम्मा थिए। १४ दाऊदचाहिँ कान्छा
थिए। ती पहिला तीन युवकहरू शाऊलको पछि लागेका थिए, १५ तर त्यस
बेला दाऊद शाऊलको छाउनी र बेथलेहेममा आफ्ना पिताका भेड़ाको हेरचाह
गर्नलाई आउने-जाने गर्थे। १६ त्यो पलिश्ती बिहान र बेलुकी चालीस
दिनसम्म अगि आएर आफ्नो नियत स्थानमा खड़ा हुन्थ्यो। १७ एक दिन
यिशैले आफ्ना छोरा दाऊदलाई भने, "तिम्रा दाजुहरूका लागि यो पाँच पाथी
चिउरा र यी दश वटा रोटी लिएर चाँड़ो तिनीहरूको छाउनीमा जाऊ। १८ यी
दश वटा पनीरचाहिँ तिमीले सहस्रपतिको निम्ति लैजाऊ। तिम्रा दाजुहरू कुशलै
छन् कि छैनन् हेर, र तिनीहरूबाट केही आश्वासन लिएर आऊ। १९ तिनीहरू
शाऊल र इस्राएलका सबै मानिसहरूसित एलाहको बेंसीमा पलिश्तीहरूका

विरुद्धमा युद्ध गर्दैछन्।" २० भोलिपल्ट बिहानै दाऊदले भेड़ाहरू कसैको
हेरचाहमा छोड़ेर यिशैले अह्राएअनुसार आफ्नो काममा हिँड़े। सेना युद्ध-ध्वनि
लगाउँदै आफ्नो-आफ्नो स्थान लिइरहेको बेलामा तिनी छाउनीमा पुगे। २१
इस्राएलीहरू र पलिश्तीहरूले एक-अर्काको सामुन्ने पङ्क्ति बाँधिरहेका थिए।
२२ सामान राख्नेको जिम्मामा आफ्नो सामान दिएर पङ्क्ति बाँधेको ठाउँमा
दाऊद कुदेर गए र दाजुहरूलाई ढोग गरे। २३ जब दाऊद तिनीहरूसँग कुरा
गरिरहेका थिए, तब गातको त्यो पलिश्ती वीर गोल्यत आफ्नो फौजदेखि बाहिर
निस्केर अघिझैं हाँक दिन लाग्यो। अनि त्यसले भनेको कुरा दाऊदले सुने।
२४ जब इस्राएलीहरूले त्यस मानिसलाई देखे, तब तिनीहरू ठूलो डरले भागे।
२५ तिनीहरूले भने, "हेर त, यो मानिस दिनैपिच्छे आएर इस्राएललाई धम्की
देखाउँछ। त्यसलाई मार्ने मानिसलाई राजाले प्रचुर इनाम दिनुहुनेछ, आफ्नी छोरी
पनि त्यससँग विवाह गरिदिनुहुनेछ अनि त्यसको घरानालाई इस्राएलमा अनिवार्य
करबाट मुक्त गरिदिनुहुनेछ।" २६ दाऊदले छेउछाउका मानिसहरूतिर फर्केर
भने, "यस पलिश्तीलाई मार्ने र इस्राएलको अपमान हटाउने मानिसलाई के
गरिदिने त? जीवित परमेश्वरको सेनालाई तुच्छ भन्ने त्यो खतना नभएको
पलिश्तीचाहिँ को हो र?" २७ त्यसलाई मार्ने मानिसलाई के गरिनेछ भनी
मानिसहरूले दाऊदलाई दोहोऱ्याएर बताए। २८ मानिसहरूसँग दाऊद कुरा
गरिरहेका तिनका जेठा दाजु एलीआबले सुने, र उनी रीसले चूर भए। उनले
दाऊदलाई यसो भनेर सोधे, "तँ यहाँ के गरिरहेछस्? वनमा भएका ती अलिकता
भेड़ाहरू हेर्न तैंले कसलाई जिम्मा दिएर आइस्? म तँलाई चिन्दछु, घमण्डी र
दुष्ट हृदय भएको। तँ लड़ाइँ हेर्नलाई मात्र आएको होस्!" २९ दाऊदले भने
"मैले अहिले के गरेको छु र? मैले बोल्नु पनि नहुने?" ३० उनीबाट एकातिर
लागेर तिनी मानिसहरूकहाँ गए, र त्यही प्रश्न दोहोऱ्याए, र सबैले तिनलाई त्यही
जवाफ दिए। ३१ दाऊदले भनेको कुरा अरूहरूका कानमा पुग्यो, र त्यो कुरा
शाऊलकहाँ पुऱ्याइयो, अनि उनले तिनलाई बोलाए। ३२ दाऊदले शाऊललाई
भने, "त्यस पलिश्तीको कारण कोही पनि हताश नहोऊन्। म गएर त्यस
पलिश्तीसँग लड्नेछु।" ३३ शाऊलले जवाफ दिए, "तिमी गएर त्यस पलिश्तीसँग
लड्न सक्नेछैनौ। तिमी त ठिटा मात्र छौ, र त्योचाहिँ जीवनभरि नै लड़ाइँ
गर्दैआएको छ।" ३४ तर दाऊदले शाऊललाई भने, "हजूर, म मेरा पिताका
भेड़ाहरूको हेरचाह गर्दैआएको छु। जब सिंह अथवा भालूले आएर बगालबाट
भेड़ा बोकेर लैजान्थ्यो, ३५ तब म त्यसको पछि गई त्यसलाई आक्रमण गरेर

त्यसको मुखबाट त्यस शिकारलाई छुटाउँथे। यदि मलाई आक्रमण गर्नलाई त्यो
फर्क्यो भने म त्यसको रौं समातेर कुटी-कुटी त्यसलाई मार्थें। ३६ मैले सिंह
र भालू दुवैलाई मारेको छु। यस बेखतनाको पलिश्तीको दशा तिनीहरूकोभन्दा
असल हुनेछैन, किनकि त्यसले जीवित परमेश्वरको सेनालाई विरोध गरेको छ।
३७ सिंह र भालूदेखि बचाउनुहुने परमप्रभुले यस पलिश्तीको हातदेखि पनि
मलाई बचाउनुहुनेछ।" शाऊलले भने, "त्यसो भए जाऊ, र परमप्रभु तिमीसँग
होऊन्।" ३८ तब शाऊलले दाऊदलाई आफ्नै लबेदा पहिराइदिए, अनि झिलम
लगाएर उनले काँसाको टोप तिनको शिरमा लगाइदिए। ३९ त्यसपछि दाऊदले
आफ्नो तरवार झिलममाथि कसिदिए। तर तिनी अनकनाए, किनभने तिनको ती
लगाउने बानी थिएन। तिनले शाऊललाई भने, "यी लगाएर म जान सक्दिनँ,
किनभने यी लगाउने मेरो बानी छैन।" तब तिनले ती फुकाले। ४० त्यसपछि
तिनले आफ्नो लट्ठी उठाए, र खोलाबाट पाँच वटा चिल्ला-चिल्ला ढुङ्गा चुने, र ती
आफ्नो गोठालाको झोलाभित्रको थैलीमा हाले। तब तिनी आफ्नो घुयेँत्रो लिएर
त्यस पलिश्तीसँग लड्नलाई गए। ४१ आफ्ना हतियार बोक्नेलाई अगि लगाएर
त्यो पलिश्ती दाऊद भएतिर बढ्यो। ४२ त्यसले दाऊदलाई नियालेर हेर्‍यो, र
राता-राता गाला भएका सुन्दर ठिटालाई देखेर तिनलाई घृणा गर्न लाग्यो। ४३
त्यसले दाऊदलाई भन्यो, "के म कुकुर हुँ, र लाठाहरू लिएर मसँग लड्न
आउँछस्?" त्यसले आफ्ना देवताहरूका नाउँमा दाऊदलाई सराप्न लाग्यो। ४४
त्यसले भन्यो, "आइज, म तेरो मासु आकाशका चराहरू र जमिनका
जनावरहरूलाई खान दिनेछु।" ४५ दाऊदले जवाफ दिए, "तँ त मसँग लड्न
तरवार, भाला र बर्छा लिएर आएको छस्, तर म तँसँग लड्न तैंले विरोध गरेको
इस्राएलका फौजहरूका परमेश्वर, सर्वशक्तिमान् परमप्रभुको नाउँमा आएको छु।
४६ आजको दिन परमप्रभुले तँलाई मेरो हातमा सुम्पिदिनुहुनेछ, र म तँलाई
मारेर तेरो टाउको काट्नेछु। आज पलिश्तीहरूका लाश आकाशका चरा र
जमिनका जनावरहरूलाई खुवाउनेछु, र इस्राएलमा एउटा परमेश्वर हुनुहुँदोरहेछ
भनी सारा संसारले थाहा पाउनेछ। ४७ यहाँ भेला भएका सबैले जान्नेछन् कि
परमप्रभुले न त तरवार न भालाद्वारा बचाउनुहुन्छ। किनभने लड़ाइँ परमप्रभुकै
हो, र उहाँले तिमीहरू सबैलाई हाम्रा हातमा सुम्पिदिनुहुनेछ।" ४८ जब त्यो
पलिश्ती तिनी भएतिर बढ्न लाग्यो तब दाऊदले त्यससँग लड्नलाई तुरुन्तै अगि
कुदेर गए। ४९ तिनले आफ्नो हात झोलामा हालेर एउटा ढुङ्गा निकाले, र
घुयेँत्रोमा राखेर त्यस पलिश्तीको निधारमा हाने। त्यो ढुङ्गा निधारैमा गाड़ियो र

त्यो घोप्टो परेर भूइँमा लोटयो। ५० यसरी दाऊद आफ्नो घुयेँत्रो र ढुङ्गाले विजयी भए। आफूसित तरवार नभए तापनि तिनले गोल्यतलाई हिर्काएर लड़ाए, र मारे। ५१ तिनी कुदेर त्यस पलिश्ती लड़ेको ठाउँमा गए, र छेउमा खड़ा भए। अनि तिनले त्यसैको तरवार म्यानबाट थुतेर त्यसलाई खतम गरेर त्यसको टाउको काटिदिए। जब पलिश्तीहरूले आफ्नो वीर पुरुष मारिएको देखे, तब उनीहरू फर्केर भागे। ५२ इस्राएल र यहूदाका मानिसहरूले तुरुन्तै युद्ध-ध्वनि उठाए, र गात र एक्रोनका मूल ढोकाहरूसम्मै उनीहरूलाई खूब खेदेर लगे। शारैमबाट गात र एक्रोन जाने बाटोमा उनीहरूका लाश जताततै छरिए। ५३ पलिश्तीहरूलाई खेदेर फर्कर्दा इस्राएलीहरूले उनीहरूको छाउनी लुटे। ५४ दाऊदले गोल्यतको टाउको बोकेर यरूशलेममा ल्याए, र त्यसका हतियारचाहिँ आफ्नै पालमा राखे। ५५ शाऊलले दाऊदलाई त्यस पलिश्तीको विरुद्धमा गइरहेका देख्दा, उनले आफ्ना सेनापति अबनेरलाई सोधे, "अबनेर, त्यो ठिटो कसको छोरो हो?" अबनेरले भने, "हजूरका जीवनको शपथ खाएर म भन्दछु कि मलाई थाहा छैन।" ५६ राजाले अबनेरलाई भने, "त्यो ठिटो कसको छोरो रहेछ, निधो गर।" ५७ जब दाऊद त्यस पलिश्तीलाई मारेर फर्के, तब अबनेरले तिनलाई लगेर शाऊलको सामुन्ने हाजिर गराए। दाऊदले त्यस पलिश्तीको टाउको आफ्नो हातमा बोकिरहेकै थिए। ५८ शाऊलले तिनलाई सोधे, "हे जवान युवक, तिमी कसका छोरा हौ?" दाऊदले जवाफ दिए, "म हजूरको दास बेथलेहेमका यिशैको छोरो हुँ।"

१ शमूएल १७:१-३ ले युद्धभूमि कस्तो भूभागमा थियो भनेर स्पष्टसँग देखाएको छ। त्यहाँ वर्णन गरिएको ठाँउलाई अहिले खिर्बेट कियाफा भनेर चिनिन्छ। यस अध्यायमा वर्णन गरिएको पहाडहरूमा इस्राएलीहरूको फौजको सिबिर थियो। केही वर्ष पहिले त्यस ठाउँलाई खनेर हेर्दा त्यस भूमिमा एकदमै बलियो किल्ला भेटिएको थियो। त्यस किल्लाभित्र सहर थियो जुन सेनाहरूले रक्षा गर्दथे। त्यो सहर राजा सावल र दाउदको पालादेखि नै इस्राएलको उपत्यकामा देखिन्थ्यो। त्यहाँ त्यस बेलाका दुई वटा ठूला ठूला ढोकाहरू उत्खननमा भेटिएका थिए। पौराणिक इस्राएलका प्रायजसो सहरहरूमा एउटामात्र ढोका हुन्थ्यो। तर युद्धभूमिलाई शारिम (१ शमूएल १७:५२) भनेर नाउँ दिइएको कारण हिब्रू भाषामा दुई ढोकाहरू भएको ठाउँ भनेर कहलिएको हो भन्न सकिन्छ।

यस मामिलालाई हेर्ने हो भने बाइबलको इतिहासमा उल्लेख गरिएको पुरानो सहर सबभन्दा पहिले भेटिएको देखिन्छ। सन् २००८ र २०१३मा दुई शिलापत्र भेट्टाइएका थिए। ती शिलापत्रहरूमा हिब्रू भाषाको सबभन्दा पुरानो अक्षरहरू थिए भनेर विश्वास गरिन्छ। दोस्रो शिलापत्रमा इशाबालको नाउँ लेखिएको थियो जुन सावलका छोराहरूमध्येकै एक थिए (१ इतिहास ९:३९)।

सन् १९९३ मा पुरातत्वविदहरूले इस्राएलको उत्तरमा रहेको टेल डन सहर खनेर हेर्दा दुई अत्यन्तै उल्लेखनीय शिलालेख भेट्टाएका थिए। त्यो दमस्कसका राजा हाजेलले लेखेका थिए। त्यसमा "इस्राएलका राजा" र "दाउदको घराना"को राजामाथि आफूले विजय गरेको ऐतिहासिक अभिलेख अर्थात् शिलालेख लेखिएको थियो। दाउदको बंशलाई बाइबलमा त्यसै गरि वर्णन गरिएको छ। जसले गर्दा राजा दाउद इस्राएलको इतिहासमा थिए भन्ने सबुद प्रमाण पुरात्वविदहरूले पाएको देखिन्छ। बाइबल र इतिहास वीच विवाद छैन भन्ने प्रभावकारी प्रमाण यो पनि एक हो।

**कतिपय मानिसहरूले दावी गरे अनुसार राजा दाउदले बाइबलमा बताइए अनुसार इस्राएलमा शासन नगरेको भए वा उनको अस्तित्व नभएको भए हाम्रो विश्वास कस्तो हुने थियो होला? सोच्नुहोस्।**

## २. यशैया, हिजकिया र सनाकेरिब वा सेनहरिब

**देहायका पदहरूमा असेरियनका फौजले यहूदामाथि ठूलो हमला गरेको र परमेश्वरले उनका जनहरूलाई कसरी उद्धार गर्नुभयो भन्ने विषयमा लेखिएको छ। हेर्नुहोस्, यशैया ३६:१-३ "१ हिजकिया राजाको चौधौं वर्षमा अश्शूरका राजा सनहेरीबले यहूदाको सारा पर्खाल लगाएका सहरहरूलाई आक्रमण गरेर तिनलाई कब्जा गरे। २ अनि अश्शूरका राजाले युद्धका एउटा सेनापतिलाई ठूलो सेनासमेत लाकीशबाट यरूशलेममा हिजकिया राजाकहाँ पठाए। जब उनी धोबीको खेतको मूल बाटोमा भएको माथिल्लो पोखरीको कुलोनेर उभिए, ३ तब राजदरबारका प्रशासक हिल्कियाहका छोरा एल्याकीम, सचिव शेब्ना, र आसापका छोरा लेखापाल योआ बाहिर निस्केर उनीकहाँ आए।" र यशैया ३७ "१ जब हिजकिया राजाले यो कुरा सुने, तब तिनले आफ्नो लुगा च्याते, र भाङ्ग्रा लगाएर परमप्रभुको मन्दिरमा पसे। २ तिनले राजदरबारका प्रशासक एल्याकीम, सचिव शेब्ना र पूजाहारीमध्येका प्रमुखहरूलाई भाङ्ग्रा लगाएर आमोजका छोरा**

यशैयाकहाँ पठाए। ३ तिनीहरूले तिनलाई भने, “हिजकिया राजा यसो भन्नुहुन्छः
आजको दिन दुःख, गाली खाने र अपमानको दिन छ, बालकहरू जन्मन लाग्दा
जन्माउने ताकत नभएजस्तो भएको छ। ४ शायद परमप्रभु तपाईंका परमेश्वरले
युद्धका सेनापतिको कुरा सुन्नुहुनेछ, जसलाई त्यसका मालिक अश्शूरका राजाले
जीवित परमेश्वरको निन्दा गर्न पठाएका छन्, र परमप्रभु तपाईंका परमेश्वरले
सुन्नुभएको त्यस वचनको कारण उहाँले उनलाई हप्काउनुहुनेछ। यसकारण
बाँचेकाहरूका निम्ति तपाईंले प्रार्थना गरिदिनुहोस्।” ५ जब हिजकियाका
अधिकृतहरू यशैयाकहाँ आए, ६ यशैयाले तिनीहरूलाई भने, “तिमीहरूले आफ्ना
मालिकलाई यसो भन, ‘परमप्रभु भन्नुहुन्छः अश्शूरका राजाका सेवकहरूले मलाई
निन्दा गरेका तिमीले सुनेको कुरादेखि तिमी नडराऊ। ७ सुन्, म त्यसभित्र
एउटा यस्तो आत्मा हालिदिनेछु, कि कुनै हल्ला सुनेर त्यो आफ्नो देशमा फर्केर
जानेछ र म त्यहाँ त्यसलाई तरवारले मार्न लाउनेछु’।” ८ जब युद्धका
सेनापतिले अश्शूरका राजाले लाकीश छोड़े भनी सुने, उनी पछि हटे र उनले
राजालाई लिब्नासित युद्ध गरिरहेका भेट्टाए। ९ अब मिश्रका राजा कूशी
तिर्हाकाह उनीसित लड्न आइरहेका छन् भन्ने कुरा सनहेरीबले सुने। जब उनले
यो कुरा सुने, तब उनले हिजकियाकहाँ यसो भनेर दूतहरू पठाएः १० “यहूदाका
राजा हिजकियालाई भनः जुन ईश्वरमाथि तिमी भर परेका छौ, तिनले
‘यरूशलेमलाई अश्शूरका राजाको हातमा दिनेछैनन्’ भनी तिमीलाई धोका
नदिऊन्। ११ सारा देशलाई बिलकुलै नाश गरेर अश्शूरका राजाले के गरेका
छन् सो त तिमीले सुनेकै छौ। अनि के तिमीले चाहिँ छुटकारा पाउँछौ र? १२
के मेरा पुर्खाहरूले नाश गरेका जातिहरूलाई तिनीहरूका ईश्वरहरूले छुटाउन
सके– अर्थात् गोजान, हारान, रेसेप र तेल-अस्सारमा भएका अदन वंशीहरूका
देवताहरूले तिनीहरूलाई बचाए? १३ हमातका राजा, अर्पादका राजा, सपर्बेम
सहरका राजा, हेना अथवा इव्वाका राजाहरू कहाँ गए?” १४ हिजकियाले
दूतहरूका हातबाट पत्र पाएर पढ़े। तब परमप्रभुको मन्दिरमा गएर हिजकियाले
परमप्रभुको सामुन्ने त्यो पत्र खोलेर राखिदिए। १५ अनि हिजकियाले
परमप्रभुलाई प्रार्थना गरे, १६ “हे सर्वशक्तिमान् परमप्रभु, इस्राएलका परमेश्वर,
करूबहरूका बीचमा विराजमान हुनुहुने, पृथ्वीका सारा राज्यहरूका तपाईं मात्र
परमेश्वर हुनुहुन्छ। स्वर्ग र पृथ्वी तपाईंले नै सृष्टि गर्नुभएको हो। १७ हे
परमप्रभु, आफ्नो कान थापेर सुन्नुहोस्। हे परमप्रभु, आफ्ना आँखा खोलेर
हेर्नुहोस्। सनहेरीबले जीवित परमेश्वरको निन्दा गर्नलाई पठाएका सबै कुरा

ध्यानसित सुन्नुहोस्। १८ "हे परमप्रभु, यो साँचो हो, अश्शूरका राजाहरूले सबै
जातिहरू र तिनीहरूका देशहरूलाई समेत उजाड़ परेका छन्, १९ उनीहरूले
तिनीहरूका देवताहरूलाई आगोमा फालेका छन् र सर्वनाश गरेका छन्, किनकि
तिनीहरू ईश्वर नै होइनन्, तर मानिसका हातले बनाएका काम, काठ र ढुङ्गा
मात्र हुन्। २० अब हे परमप्रभु हाम्रा परमेश्वर, हामीलाई उनका हातबाट
छुटाउनुहोस्, र पृथ्वीका सारा राज्यहरूले थाहा पाऊन् कि तपाईं मात्र परमप्रभु
परमेश्वर हुनुहुन्छ।" २१ तब आमोजका छोरा यशैयाले हिजकियाकहाँ यसो
भनी समाचार पठाए, "परमप्रभु इस्राएलका परमेश्वर यसो भन्नुहुन्छः तिमीले
अश्शूरको राजा सनहेरीबको विषयमा मसँग प्रार्थना गर्‍यौ, २२ यसकारण त्यसको
विरुद्धमा परमप्रभुले भन्नुभएको वचन यही हो, "सियोनकी कन्येछोरीले तिमीलाई
ठट्टा र खिसी गरेकी छिन्। यरूशलेमकी छोरीले तिम्रो पछि शिर हल्लाउनेछे।
२३ तिमीले कसको ठट्टा र निन्दा गरेका छौ? कसको विरुद्धमा तिमी ठूलो
सोरले कराएका छौ, र तिमीले घमण्डले हेरेको छौ? के इस्राएलका परमपवित्रको
विरुद्धमा होइन? २४ तिम्रा समाचारवाहकद्वारा तिमीले परमप्रभुको थुप्रै निन्दा
गरेको छ। र तिमीले भन्यौ, 'मेरा धेरै रथहरूको दलसमेत म पहाड़हरूका
टाकुरामा चढें, लेबनानका टाकुरासम्मै। त्यसका अल्गा-अल्गा देवदारुहरू र
त्यसका असल-असल सल्लाका रूखहरू ढालेको छु। म त्यसका सबैभन्दा
टाढ़ाका टाकुरामा र सुन्दर वनसम्मै पुगेको छु। २५ मैले विदेशहरूमा इनार
खनेको छु र त्यहाँ पानी पिएको छु। मेरा खुट्टाका पैतालाले मिश्रदेशका सबै
नदीहरू सुकाएको छु'। २६ "के तिमीले सुनेको छैनौ? मैले त्यो उहिले नै
निश्चय गरेको थिएँ। प्राचीन समयमा नै मैले योजना बनाएको थिएँ। त्यो कुरो
मैले अब पूरा गरें कि तिमीले किल्ला भएका सहरहरूलाई ढुङ्गाको थुप्रो बनायौ।
२७ तिनका बासिन्दाहरूको शक्ति घटेर गएकोले तिनीहरू आत्तिए र लज्जित
भए, तिनीहरू मैदानका घाँसझैं, कमला र हरिया बिरुवाझैं, छतमा उम्रिरहेका र
बढ्न अघि नै सुकिहालेको घाँसझैं भए। २८ "तर तिमी कहाँ बस्छौ अनि तिमी
कहिले आउँछौ र जान्छौ अनि मेरो विरुद्धमा तिमी रिसाएको छौ भनी म
जान्दछु। २९ तिमी मेरो विरुद्धमा रिसाएको हुनाले, र तिम्रो शेखी मेरो कानमा
परेको हुनाले, म मेरो बल्छी तिम्रो नाकमा र मेरो लगाम तिम्रो मुखमा लगाएर
तिमीलाई तिमी आएकै बाटोतिर फर्काउनेछु।" ३० "हे हिजकिया, तिम्रो निम्ति
चिन्ह यही हुनेछः "यो वर्षचाहिँ आफै उम्रेको कुरो तिमीहरूले खानेछौ, र दोस्रो
वर्षचाहिँ त्यहींबाट उम्रेको, तर तेस्रो वर्षचाहिँ तिमीहरू छर, कटनी गर, दाखबारी

**लगाओ र तिनका फल फलाओ। ३१ "यहूदाका घरानाबाट बाँचेकाहरूले फेरि तलतिर जरा हाल्नेछन्, र माथितिर फल फलाउनेछन्। ३२ किनभने यरूशलेमबाट एउटा बाँचेको भाग र सियोन पर्वतबाट जीवितहरूको एक दल निस्कनेछ। सर्वशक्तिमान् परमप्रभुको जोशले यो गर्नेछ। ३३ "यसकारण अश्शूरका राजाको विषयमा परमप्रभु यो भन्नुहुन्छः त्यो यस सहरमा आउनेछैन अथवा त्यसले एउटै काँड़ हान्नेछैन। त्यो यसको सामुन्ने ढाल लिएर आउनेछैन, न त यसको विरुद्धमा कुनै घेरा-मचान बनाउनेछ। ३४ जुन बाटो भएर त्यो आयो, त्यही बाटो भएर त्यो फर्कनेछ, र त्यो यस सहरमा पस्नेछैन," परमप्रभु भन्नुहुन्छ। ३५ "मेरो आफ्नै खातिर र मेरो दास दाऊदको खातिर म यो सहर रक्षा गर्नेछु र बचाउनेछु!" ३६ तब परमप्रभुका दूत गएर अश्शूरीहरूको छाउनीमा एक लाख पचासी हजार मानिसहरूलाई मारे। मानिसहरू बिहान उठ्दा उनीहरूले ती सबै लाशहरू देखे। ३७ यसैले अश्शूरीहरूका राजा सनहेरीब निनवेमा फर्केर गए, र त्यहीं बस्न लागे। ३८ एक दिन जब उनी आफ्नो देवता निस्रोकको मन्दिरमा पूजा गर्दैथिए तब उनका छोराहरू अद्रम्मलेक र शरेसेरले उनलाई तरवारले मारे, अनि उनीहरू भागेर आरारात देशमा गए। त्यसपछि उनको सट्टामा उनका छोरा एसरहदोनले राजा भएर शासन गर्न लागे।"**

ई.पू. ७०१ मा असेरियाका राजा सेनहरिबले यहूदाको बिरुद्धमा युद्ध गर्न अभियान चलाएका थिए। यसको ऐतिहासिक विवरण बाइबलमा लेखिएको छ। सेनहरिब आफैले पनि विभिन्न तरिकाले त्यो युद्धको अभियानको बारेमा लेखेका थिए। राजधानी सहर निनबेमा उनले लेखेका लेखहरू भेट्टाइएका थिए। उनले घमण्ड गरेर लेखेका थिए "मैले उनको (हिजकिया)को बलियो पर्खालहरूले घेरिएका सहरहरू भत्काइ दिएँ। मैले ती सहरहरूका अनगिन्ति साना साना गाउँहरूलाई कब्जा गरैं र जितैं।" सेनहरिबले निनबेको आफ्नो दरवारमा यहूदाको सहर लाखिशलाई जितेको प्रमाणहरू राखेका थिए। दरवारको बीचको कोठामा आफूले त्यस सहरलाई कब्जा गरेको र त्यहाँ भएको युद्धको बारेमा कुँदेर चित्र पनि बनाएका थिए।

केही वर्ष अघि पुरातत्वविदहरूले पुरिएको लाखिश सहर खनेर भेट्टाएका थिए कि त्यहाँ सेनहरेबले त्यस सहरलाई जितेर आगो लगाइदिएको थियो। त्यहाँ ध्वस्त भएको त्यस सहरको भग्नावशेस वा टुक्राटाक्रीहरू भेट्टाइएका थिए। तर यरुशलेम सहरचाहीँ अचम्म तरिकाले सुरक्षित भएको

थियो र त्यसलाई उनले जित्न सकेनन्। सेनहरिबले खुब टेको गर्दै यो लेख्दछन् "यहूदाको हेजकियालाई त मैले चरालाई पिँजडामा थुने जस्तै सहरमा थुनिदिएँ।" तर सेनहरिबले यरुशलेम नाश गरेको कुनै प्रमाण थिएन न त त्यहाँका कुनै पनि मानिसहरूलाई युद्धवन्दी बनाएर लगिएको विवरण नै छ।

यो सत्य हो कि यरुशलेम सहरलाई सेनहरेबले कब्जा गरेका थिए। तर बाइबलले भन्दछ कि उनको कब्जा केवल एक दिनमात्र रह्यो किनभने परमेश्वरको स्वर्गदूतले त्यस सहरलाई उद्धार गरेका थिए। यशैयाले भविष्यवाणी गरे अनुसार नै भएको थियो, "३३ "यसकारण अश्शूरका राजाको विषयमा परमप्रभु यो भन्नुहुन्छः त्यो यस सहरमा आउनेछैन अथवा त्यसले एउटै काँड़ हान्नेछैन। त्यो यसको सामुन्ने ढाल लिएर आउनेछैन, न त यसको विरुद्धमा कुनै घेरा-मचान बनाउनेछ। ३४ जुन बाटो भएर त्यो आयो, त्यही बाटो भएर त्यो फर्कनेछ, र त्यो यस सहरमा पस्नेछैन," परमप्रभु भन्नुहुन्छ। ३५ "मेरो आफ्नै खातिर र मेरो दास दाऊदको खातिर म यो सहर रक्षा गर्नेछु र बचाउनेछु!" (यशैया ३७:३३-३५)।

यो रोचक छ कि असेरियाको राजधानी निनबेमा लाकिश सहरको बारेमा उल्लेख गरिएको छ अर्थात् दरवारको पर्खालमा चित्र बनाएर कोरिएको छ। तर त्यस दरवारको भित्ते चित्रहरूमा यरुशलेमको बारेमा केही पनि कोरिएको पाइदैन। सेनहरेबले केवल लाखिश सहरलाई जितेकोले नै फुर्ति लाउन सकेको थियो। स्वर्गका परमेश्वर र असेरियाका देवीदेवताहरूको बीचमा भएको को भन्दा को बलियो भन्ने देखासेखीमा परमेश्वरले आफ्ना जनहरूलाई उद्धार गरेर आफ्नो सार्वभौमिकता वा शक्ति देखाउनुभएको थियो। असेरियाको आक्रामक नीति परमेश्वरले देख्नुभएको थियो। उहाँ हेजकिया राजाको प्रार्थना सुन्नुहुन्छ। परमेश्वरले इतिहासमा आफ्नो काम गरेर देखाउनु भएको कुरा हामी बाइबलमा पढ्छौं।

**जुन परमेश्वरले अचम्म तरिकाले इस्राएललाई उद्धार गर्नुभयो त्यही परमेश्वरलाई प्रार्थना गरेर तपाईंले आज पनि उहाँमाथि भरोसा राख्न सकिन्छ भनेर कसरी सम्झनुहुन्छ?**

## ३. दानिएल, नबूकदनेसर र बेबिलोन अर्थात् आधुनिक इराक

सन् २००७मा युरोपको भियना युनिभर्सिटीका एक जना विद्वान् खोजअनसुन्धानको सिलसिलामा बेलायतको ब्रिटिश म्युजियममा काम गर्दै थिए।

त्यसबेला उनले बेबिलोन (आधुनिक इराक)को राजा नबूकदनेसरको समयमा लेखिएको शिलालेख भेट्टाए। त्यस सिलालेखमा उनले "नेबुसारिकिम" भनेर लेखेको नाउँ पढे। त्यो नाउँ यर्मिया ३९ः३मा उल्लेख गरिएको बेबिलोन राज्यको सरकारी अधिकृत थियो। नेबुसारिकिम अरू नाउँहरूजस्तै एक थियो। त्यस सिलालेखमा अरू राजा र सरकारी अधिकृतहरूको नाउँ पनि थियो। पुरातत्वविदहरूलाई धन्यवाद दिनुपर्छ किनकि तिनीहरूको प्रयासले दानिएल र नबूकदनेसरको समयका जमिनमा पुरिएर रहेका कतिपय ऐतिहासिक सामग्रीहरू खनेर भेट्टाएका थिए।

**दानिएलको देहायका अध्यायहरू पढ्नुहोस्। दानिएलले गरेका सुरुका निर्णयहरूले कसरी परमेश्वरले उहाँका सेवक र अगमबक्तालाई प्रयोग गर्नुभएको थियो भनेर ती अध्यायहरूले बताउँछ। उनको त्यो निर्णयहरूले इतिहासकालभरि लाखौं मानिसहरूलाई प्रभाव पारेको थियो र पारिरहेका पनि छन्। हेर्नुहोस्, दानिएल १ "१ यहूदाका राजा यहोयाकीमका शासनकालको तेस्रो वर्षमा बेबिलोनका राजा नबूकदनेसर यरूशलेममा आएर त्यसलाई घेरे। २ अनि परमप्रभुले परमेश्वरको भवनका केही भाँड़ाकुँड़ाहरूसहित यहूदाका राजा यहोयाकीमलाई तिनको हातमा सुम्पिदिनुभयो। ती भाँड़ाकुँड़ाहरू तिनले बेबिलोनियामा भएको आफ्ना देवताको मन्दिरमा लगे र देवताकै भण्डारमा राखे। ३ तब राजाले प्रवासमा लगिएका इस्राएलीहरूमध्येबाट राजकीय खानदान र सभ्य खानदानका केही जवान मानिसहरू छान्नू भनी तिनका प्रमुख अधिकृत अशपेनजलाई हुकुम गरे। ४ ती जवान मानिसहरू कुनै शारीरिक खोट नभएका, सुन्दर, हरकिसिमका शिक्षा सिक्ने क्षमता भएका, ज्ञानले परिपूर्ण भएका, छिटो सिक्न सक्ने र राजदरबारमा सेवा गर्नलाई योग्य हुनुपर्थ्यो। अशपेनजले उनीहरूलाई बेबिलोनीहरूका भाषा र साहित्य सिकाउनुपर्थ्यो। ५ राजाले उनीहरूलाई राजदरबारमा खाने गरेका दैनिक खाना र दाखमद्य दिनू भनी अशपेनजलाई हुकुम गरे। उनीहरूलाई तीन वर्षसम्म तालीम दिनुपर्थ्यो, र त्यसपछि उनीहरू राजाको सेवामा प्रवेश गर्नुपर्थ्यो। ६ यीमध्ये कोही यहूदाका कुलका थिएः दानिएल, हनन्याह, मीशाएल र अजर्याह। ७ प्रमुख अधिकृतले तिनीहरूलाई नयाँ नाउँ दिए– दानिएललाई बेलतसजर, हनन्याहलाई शद्रक, मीशाएललाई मेशक र अजर्याहलाई अबेद्नगो। ८ तर दानिएलले राजकीय भोजन र दाखमद्य खाएर आफैलाई अशुद्ध नपार्ने निर्णय गरे, र तिनले यसरी आफैलाई अशुद्ध नपार्नलाई प्रमुख अधिकृतसँग अनुमति मागे। ९ अनि**

परमेश्वरले ती अधिकृतलाई दानिएलप्रति कृपा र सहानुभूति देखाउने तुल्याउनुभयो, १० तर अधिकृतले दानिएललाई भने, “तिमीहरूले खाने र पिउने कुराहरूका सम्बन्धमा मलाई खटाउनुहुने मेरा स्वामी महाराजादेखि म डराउँछु। तिमीहरूका उमेरका अरू जवानहरूभन्दा तिमीहरू उहाँको सामु किन कमसल अवस्थाका देखिनु र? तिमीहरूको कारणले गर्दा महाराजाले मेरो शिर उड़ाइदिनुहुनेछ।” ११ त्यसपछि दानिएल, हनन्याह, मीशाएल र अजर्याहमाथि खटाइएका सुरक्षाकर्मीलाई दानिएलले भने, १२ “कृपया, तपाईंका दासहरूलाई दश दिनसम्म जाँच्नुहोस्। हामीलाई खानका लागि सागपात र पिउनका लागि पानी मात्र दिनुहोस्। १३ त्यसपछि राजकीय खाना खाने जवानहरूसँग हाम्रा चेहरा दाँज्नुहोस् र तपाईंले देख्नुभएअनुसार आफ्ना दासहरूसँग व्यवहार गर्नुहोस्।” १४ यसकारण उनले यो कुरा मन्जूर गरे र दश दिनसम्म तिनीहरूको जाँच गरे। १५ दश दिनपछि राजकीय खाना खाएका ती अन्य जवानहरूभन्दा तिनीहरू स्वस्थ र पुष्ट देखिए। १६ यसकारण ती सुरक्षाकर्मीले तिनीहरूका लागि तोकिएका मीठा-मीठा खाना र दाखमद्य हटाएर तिनीहरूलाई सागपात दिए। १७ यी चार जवान मानिसहरूलाई परमेश्वरले सब किसिमका साहित्य र शिक्षाको ज्ञान र समझ दिनुभयो। अनि दानिएल सबै किसिमका दर्शन र सपनाको अर्थ खोल्न सक्ने भए। १८ राजाले तिनीहरूलाई हाजिर गराउनू भनी तोकेको समय भएपछि ती प्रमुख अधिकृतले तिनीहरूलाई राजा नबूकदनेसरकहाँ ल्याए। १९ राजाले तिनीहरूसँग कुरा गरे र उनले दानिएल, हनन्याह, मीशाएल र अजर्याह बराबर कोही पनि भेट्टाएनन्। यसकारण तिनीहरू राजाको सेवामा नियुक्त भए। २० राजाले बुद्धि र समझको बारेमा तिनीहरूलाई जे-जति प्रश्न सोध्थे, अधिराज्यभरका जादूगरी र मन्त्रतन्त्र गर्नेहरूभन्दा तिनीहरूलाई दश गुणा असल भेट्टाए। २१ अनि कोरेस राजाका शासनकालको पहिलो वर्षसम्म दानिएल त्यहाँ रहे।" र दानिएल ५ "१ बेलसजर राजाले आफ्ना एक हजार जना भारदारहरूलाई एक ठूलो भोज दिए र उनीहरूसित उनले दाखमद्य पिए। २ दाखमद्य पिउँदैगर्दा बेलसजर राजाले आफू, आफ्ना भारदारहरू, आफ्ना श्रीमतीहरू र रखौटीहरूले दाखमद्य पिउनलाई उनका पिता नबूकदनेसरले यरूशलेमको मन्दिरबाट ल्याएका सुन र चाँदीका भाँड़ाकुँड़ाहरू त्यहाँ ल्याउने हुकुम गरे। ३ यसकारण उनीहरूले सुनका भाँड़ाहरू ल्याए, जुनचाहिँ यरूशलेममा भएको परमेश्वरको मन्दिरबाट ल्याइएका थिए, र राजा र उनका भारदारहरू, उनका श्रीमतीहरू र रखौटीहरूले तीबाट पिए। ४ जसै

उनीहरूले दाखमद्य पिए, उनीहरूले सुन र चाँदीका, काँसो, फलाम, काठ र ढुङ्गाका
देवताहरूको प्रशंसा गरे। ५ अचानक राजदरबारमा भएको पानसको नजिक एक
मानव हातका औँलाहरू देखा परे र लिपिएको भित्तामा लेख्न लागे। त्यो
लेख्दैगरेको हात राजाले हेरे। ६ उनको अनुहार पहेँलो भयो, र उनी यति डराए
कि उनका घुँडाहरू कामेर ठोकिन थाले र गोड़ाहरू लल्याकलुलुक भए। ७
राजाले मन्त्रतन्त्र गर्नेहरू, ज्योतिषीहरू र जोखना हेर्नेहरूलाई बोलाउन लगाए र
बेबिलोनका यी ज्ञानी पुरुषहरूलाई भने, "जसले यो लेख पढ्छ र यसको अर्थ
मलाई बताइदिन्छ, त्यसलाई बैजनी पोशाक पहिराइनेछ र त्यसको गलामा
सुनको सिक्री लगाइनेछ र त्यसलाई राज्यको तेस्रो उच्च शासक बनाइनेछ।"
८ तब राजाका सबै ज्ञानी पुरुषहरू आए, तर उनीहरूले यो लेख पढ्न वा
त्यसको अर्थ राजालाई बताउन सकेनन्। ९ यसकारण राजा बेलसजर अझ
भयभीत भए र उनको अनुहार अझ पहेँलो हुँदैगयो। उनका भारदारहरू
अलमल्ल परे। १० राजा र उनका भारदारहरूका स्वर सुनेर रानी भोजको
कोठामा आइन् र तिनले भनिन्, "महाराजा अमर रहून्! नआत्तिनुहोस्। यस्तो
पहेँलो अनुहार नबनाउनुहोस्। ११ तपाईंको राज्यमा एक जना मानिस छन्,
जोसँग पवित्र देवताहरूका आत्मा छ। तपाईंका पिताको पालोमा उनमा देवताको
जस्तै अन्तर्दृष्टि, ज्ञान र बुद्धि पाइएको थियो। तपाईंका पिता राजा नबूकदनेसरले
उनलाई जादूगरहरू, मन्त्रतन्त्र गर्नेहरू, ज्योतिषीहरू र जोखना हेर्नेका प्रमुख
नियुक्त गर्नुभएको थियो। १२ यी दानिएल नाउँ गरेका मानिस, जसलाई राजाले
बेलतसजर भन्नुहुन्थ्यो, तीव्र मन र ज्ञान र समझ भएका भेट्टाइए र साथै उनले
सपनाका अर्थ बताउन, अड्कोहरू फुकाउन र कठिन समस्याहरू हल गर्न पनि
सक्थे। दानिएललाई बोलाउनुहोस्, र उनले तपाईंलाई यस लेखको अर्थ
बताउनेछन्।" १३ यसकारण दानिएललाई राजाको सामुन्ने उपस्थित गराइयो
अनि राजाले तिनलाई भने, "के तिमी दानिएल, देशनिकाला गरिएकामध्ये एक हौ,
जसलाई राजा, मेरा पिताले यहूदाबाट ल्याउनुभएको थियो? १४ मैले सुने, तिमीमा
देवताहरूको आत्मा छ, र तिमी अन्तर्दृष्टि, ज्ञान र बिछट्ट बुद्धि भएका मानिस छौ
अरे। १५ ज्ञानी पुरुषहरू र मन्त्रतन्त्र गर्नेहरू यो लेख पढ्न र मलाई यसको
अर्थ बताउन मेरो सामु ल्याइए। तर उनीहरूले यो बताउन सकेनन्। १६ अब
मैले सुनेको छु कि तिमी अर्थ खोल्न र कठिन समस्याहरू समाधान गर्न
सक्छौ। यदि तिमीले यो लेख पढ्न र यसको अर्थ बताउन सक्छौ भने,
तिमीलाई बैजनी पोशाक पहिराइनेछ र गलामा सुनको सिक्री लगाइनेछ र

राज्यमा तिम्रो स्थान तेस्रो हुनेछ।" १७ तब दानिएलले राजालाई उत्तर दिए, "हजूरका उपहारहरू हजूर आफै राख्नुहोस् र हजूरका इनामहरू अरू कसैलाई दिनुहोस्। तापनि महाराजाको लागि यो लेखोट पढ़िदिनेछु र यसको अर्थ बताइदिनेछु। १८ "हे महाराजा, सर्वोच्च परमेश्वरले हजूरका पिता नबूकदनेसरलाई स्वाधीन राज्य र महानता र महिमा र गौरव दिनुभयो। १९ उहाँले उनलाई उच्च स्थान दिनुभएकोले र प्रत्येक भाषा बोल्ने सबै मानिसहरू र जातिहरूले उनको डर र भय मान्थे। राजाले जसको प्राण लिन चाहन्थे, लिन्थे, जसलाई बाँकी राख्न चाहन्थे, राख्थे, जसलाई पदोन्नति गर्न चाहन्थे, पदोन्नति गर्थे, र जसलाई होच्याउन चाहन्थे, होच्याउँथे। २० तर जब उनको हृदय घमण्डले हठी र कठोर भयो, उनलाई राजगद्दीबाट हटाइयो र उनको महिमा उनीबाट खोसियो। २१ उनलाई मानिसहरूबाट हटाइएर एउटा पशुको मन दिइयो। उनी वनका गधाहरूसँग बस्थे र गाईबस्तुले जस्तै घाँस खान्थे, र उनको शरीर आकाशको शीतले भिज्थ्यो, जबसम्म उनले मानिलिएनन् कि मानिसका राज्यहरूमाथि सर्वोच्च परमेश्वरकै अधिकार छ र उहाँले इच्छा गर्नुभएकालाई त्यो दिनुहुन्छ। २२ "तर उनका छोरा, हजूर बेलसजरले यी सबै कुरा जान्दाजान्दै पनि आफूलाई नम्र बनाउनुभएन। २३ बरु स्वर्गका परमप्रभुको विरुद्धमा आफैलाई खड़ा गर्नुभएको छ। हजूरले उहाँको मन्दिरबाट भाँड़ाहरू हजूरकहाँ ल्याउन लगाउनुभयो, र हजूर र हजूरका भारदारहरू, हजूरका श्रीमतीहरू र रखौटीहरूले तीबाट दाखमद्य पिउनुभयो। हजूरले चाँदी र सुनका, काँसाका, फलामका, काठ र ढुङ्गाका देवताहरूको प्रशंसा गर्नुभयो, जो न देख्छन् न सुन्छन् न बुझ्छन्। तर हजूरले यी परमेश्वरको आदर गर्नुभएन, जसको हातमा हजूरको जीवन र हजूरका मार्गहरू छन्। २४ यसैकारण उहाँले यो लेखोट लेख्ने हात पठाउनुभयो। २५ "लेखिएको लेखोट यस्तो छः मेने, मेने, टेकेल, पर्सिन २६ "यी शब्दहरूको अर्थ यही होः मेनेः परमेश्वरले हजूरका राज्यका दिन गन्ती गर्नुभएको छ, र त्यसको अन्त गर्नुभएको छ। २७ टेकेलः हजूर तराजूमा जोखिनुभएको छ, र हल्का भेट्टाइनुभएको छ। २८ पेरेसः हजूरको राज्य विभाजन भई मादी र फारसीहरूलाई दिइएको छ।" २९ त्यसपछि बेलसजरको हुकुममा दानिएललाई बैजनी वस्त्र पहिराइयो। तिनको गलामा सुनको सिक्री लगाइयो, र तिनलाई राज्यको तेस्रो सर्वोच्च शासक भनी घोषणा गरियो। ३० त्यही रात बेबिलोनीहरूका राजा बेलसजर मारिए, ३१ अनि मादी राजा दाराले बयसट्ठी वर्षको उमेरमा त्यो राज्य लिए।"

दानिएलले आफ्नो हृदय परमेश्वरप्रति बफादार राख्ने निर्णय गरेका थिए (दानिएल १:८)। त्यसको अर्थ आफूले खाने पिउने कुरामा आफू परमेश्वरको नीति अनुसार चल्ने आत्मनिर्णय उनले गरेका थिए। जेभएपनि परमेश्वरप्रतिको भक्तिलाई कायम राख्न उनले प्रार्थना गरेका थिए। बालककालदेखि असल जीवनशैली र स्वास्थ्यको बारेमा परमेश्वरले दिनुभएको नीतिप्रति प्रतिवद्ध भएर बस्ने उनको चाहनाले उनलाई लामो आयु र शक्ति मिलेको थियो। उनको स्वस्थ जीवनशैलीले गर्दा उनको सोचबिचार सफा र पक्का थियो। उनमा भएका ज्ञान, बुद्धि र समझ उच्च परमेश्वरबाट आएको थियो। उनको विलक्षण वा असाधारण ज्ञान र बुद्धिलाई राजा नबूकदनेसर र बेलतसजरले स्वीकारेका थिए। त्यसको फलस्वरुप उनलाई राज्यको अत्यन्तै उच्च पदमा नियक्ति गरिएको थियो। अझ महत्त्वपूर्ण कुरो त राजा नबूकदनेसर आफै पनि परमेश्वरप्रतिको भक्ति देखाउन पुगेका थिए (दानिएल ४:३४-३७)।

नबूकदनेसर राजा नेबोपोलसारका छोरा थिए। ती बाबु छोरा मिलेर पौराणिक बेबिलोनी इतिहासमा नाम चलेका प्रख्यात भव्य सहरको निर्माण गरेका थिए (दानिएल ४:३०)। त्यसबेलाको त्यो सहर विश्वमा प्रख्यात थियो। बेबिलोन सहर अत्यन्तै ठूलो महानगर थियो। त्यहाँ ३०० भन्दा बढी मन्दिरहरू थिए। त्यहाँ अति सुन्दर, शानदार र भव्य दरबार थियो। त्यस सहरको वरिपरिका पर्खालहरू १२ र २२ फिट फराकिलो, बाक्लो र दोब्बर थिए। पर्खालको वरिपरि आठबटा मूल ढोकाहरू थिए। ती सबै मूल ढोकाहरूलाई त्यस बेलाको बेबिलोन सभ्यताले मानेको देवताहरूको नाउँ दिइएको थियो। सबभन्दा प्रख्यात ढोको इशटर ढोका थियो। त्यो पुरिएको थियो र पछि जर्मनहरूले खनेर भेट्टाएका थिए। जर्मनको राजधानी बर्लिनको पर्गामम म्युजियममा त्यस पर्खालको पुननिर्माण गरि राखिएको छ।

दानिएल ७:४मा बेबिलोनलाई दुई वटा पखेटाहरू भएको सिंह भनेर उल्लेख गरिएको छ। बेबिलोन सहरमा मानिसहरू उत्सब मनाउन त्यही ढोकाबाट जान्थे। त्यो ढोकामा जाने दायाँ र बायाँमा सिंहहरूका मूर्तिहरू राखिएका थिए। एउटा ठूलो सिंहले मानिसमाथि आक्रमण गरेको मूर्ति पुरिएर रहेको थियो। त्यो खनेर निकालिएको थियो र अहिले पनि आधुनिक इराकको सहरबाहिर त्यो मूर्ति राखिएको छ। सिंहले महान् बेबिलोनको प्रतिनिधित्व गरेको हुनाले बेबिलोनले सिंहको मूर्ति राख्नु जायज थियो। बाइबलमा

लेखिएको भविष्यवाणीको इतिहास इतिहासकारहरूले प्रमाणित गरेका देखाएका छन्।

दानिएल १:८मा दानिएलले "राजकीय भोजन र दाखमद्य खाएर आफैलाई अशुद्ध नपार्ने निर्णय गरे, र तिनले यसरी आफैलाई अशुद्ध नपार्नलाई प्रमुख अधिकृतसँग अनुमति मागे।" आफ्नो मनलाई बाँध्ने वा अशुद्ध नपार्ने निर्णय भनेको के हो? तपाईंले अहिले जे गर्नुहुन्छ, जे खानुहुन्छ त्यसमा परमेश्वरको नीति अनुसार चल्न के कुरामा सुधार ल्याउनुपर्छ होला?

## ४. ऐतिहासिक येशू ख्रीष्ट

केफास को हो? येशूको मृत्युमा उनको भूमिका के थियो? पोन्टुर पिलातुस को हो? यहूदी धर्मशभा सानहिड्रनले चाहेको लक्ष्य हासिल गर्न पिलातुसको निर्णय किन अत्यन्तै महत्त्वपूर्ण थियो? हेर्नुहोस् देहायका पदहरूः मत्ती २६:५७-६७ "५७ येशूलाई पक्रनेहरूले उहाँलाई प्रधान पूजाहारी कैयाफाकहाँ लगे। त्यहाँ शास्त्रीहरू र धर्म-गुरुहरू भेला भएका थिए। ५८ तर पत्रुस टाढ़ैबाट प्रधान पूजाहारीका भवनको आँगनसम्मै उहाँको पछिपछि लागे, र अन्त्यमा के हुने हो, सो हेर्नलाई भित्र पसेर पालेहरूसँग बसे। ५९ अब मुख्य पूजाहारी र जम्मै महासभाले येशूलाई मृत्युदण्ड दिनलाई उहाँको विरुद्धमा झूटो गवाही खोज्न लागे। ६० धेरै झूटो गवाही दिनेहरू आए, तर तिनीहरूले कुनै प्रमाण पाएनन्। आखिरमा दुई जना अगि आए, ६१ र भने, "यस मानिसले 'म परमेश्वरको मन्दिर भत्काएर तीन दिनमा यसलाई निर्माण गर्न सक्छु' भन्यो।" ६२ तब प्रधान पूजाहारीले उठेर उहाँलाई भने, "के तँ केही जवाफ दिँदैनस्? यी मानिसहरूले तेरो विरुद्धमा दिएको गवाही के हो?" ६३ तर येशू चूप रहनुभयो। प्रधान पूजाहारीले उहाँलाई भने, "जीवित परमेश्वरको शपथ खाएर भन्दछु, हामीलाई बता, के तँ परमेश्वरको पुत्र ख्रीष्ट होस्?" ६४ येशूले तिनलाई भन्नुभयो, "तपाईंले नै भनिहाल्नुभयो। तापनि म तपाईंहरूलाई भन्दछु, अब उप्रान्त तपाईंहरूले मानिसको पुत्रलाई सर्वशक्तिमान्को दाहिने हातपट्टि बसेको, र आकाशको बादलमा आइरहेको देख्नुहुनेछ।" ६५ तब प्रधान पूजाहारीले आफ्ना वस्त्र च्याते र भने, "यसले त ईश्वर-निन्दा बोल्यो। हामीलाई अब अरू साक्षीहरूको के दरकार पऱ्यो र? तपाईंहरूले अहिले यसले बोलेको ईश्वर-निन्दा सुनिहाल्नुभयो। ६६ तपाईंहरूको के राय छ?" तिनीहरूले जवाफ दिए, "यो प्राणदण्डको योग्य छ।" ६७ तब तिनीहरूले उहाँको मुखमा थुकेर उहाँलाई

मुक्का लगाए, र कसै-कसैले यसो भन्दै थप्पड़ लाए, ६८ "हे ख्रीष्ट, लौ, अगमवाणी भन्! तँलाई हिर्काउने को हो?", यूहन्ना ११:४५-५३ "४५ मरियमकहाँ आएका धेरै यहूदीहरूले येशूले गर्नुभएको काम (लाजरसको पुनरुत्थान)। देखेर उहाँमाथि विश्‍वास गरे ४६ तर तिनीहरूमध्ये कोहीचाहिँ फरिसीहरूकहाँ गए, र येशूले गर्नुभएका कामहरू बताइदिए। ४७ तब मुख्य पूजाहारीहरू र फरिसीहरूले महासभाका सदस्यहरूलाई बोलाए र तिनलाई भने, "अब हामी के गरौं? किनभने यस मानिसले त धेरै चिन्हहरू गरिरहेछ। ४८ यसलाई यसै छोडिदियौं भने सबैले यसमाथि विश्‍वास गर्नेछन् र रोमीहरूले आएर हाम्रो पवित्रस्थान र हाम्रो जाति दुवैलाई नष्ट पार्नेछन्।" ४९ तर तिनीहरूमध्ये एक जना, कैयाफा, जो त्यस वर्षका प्रधान पूजाहारी थिए, उनले तिनीहरूलाई भने, "तिमीहरू केही पनि जान्दैनौ! ५० समस्त राष्ट्र नष्ट हुनुभन्दा बरु जनताको निम्ति एक जना मानिस मर्नुमा नै तिमीहरूको कल्याण छ भनी तिमीहरू बुझ्दैनौ।" ५१ यो तिनले आफ्नै तर्फबाट भनेका थिएनन्, तर त्यस वर्षका प्रधान पूजाहारी भएका हुनाले राष्ट्रको निम्ति येशू मर्नुपर्छ भन्ने अगमवाणी बोलेका हुन्। ५२ राष्ट्रको निम्ति मात्र तिनले यो भनेका थिएनन्, तर छरपष्ट भएका परमेश्‍वरका सन्तानलाई एकसाथ जम्मा गर्नलाई यो भनिएको थियो। ५३ यसैले त्यस दिनदेखि तिनीहरूले उहाँलाई मार्ने मतो गरे।" र यूहन्ना १८:२८-४० "२८ तब तिनीहरूले येशूलाई कैयाफाको घरबाट महलतिर लगे। त्यति बेला बिहानपख थियो। बिटुलिएर निस्तार-चाड़को भोज खान पाउँदैनौं भन्ने डरले तिनीहरू महलभित्र पसेनन्। २९ यसकारण तिनीहरूकहाँ बाहिर निस्केर पिलातसले भने, "यस मानिसको विरुद्धमा तिमीहरू के अभियोग लाउँछौ?" ३० तिनीहरूले उनलाई भने, "यदि यो मानिस अपराधी नभए हामी यसलाई तपाईंकहाँ सुम्पनेथिएनौं।" ३१ पिलातसले तिनीहरूलाई भने, "तिमीहरू यिनलाई लैजाओ, र तिमीहरूको आफ्नै व्यवस्थाबमोजिम यिनको इन्साफ गर।" यहूदीहरूले उनलाई भने, "कुनै मानिसलाई प्राणदण्ड दिने अधिकार हामीलाई छैन।" ३२ उहाँको मृत्यु कुन रीतिले हुनेछ त्यसको सङ्केत दिएर उहाँले भन्नुभएको वचन पूर्ण होस् भनेर यसो भएको थियो। ३३ पिलातस फेरि महलभित्र पसे, र उनले येशूलाई बोलाएर भने, "के तिमी यहूदीहरूका राजा हौ?" ३४ येशूले जवाफ दिनुभयो, "तपाईं आफै यसो भन्नुहुन्छ, वा मेरो विषयमा तपाईंलाई अरू कसैले भने?" ३५ पिलातसले जवाफ दिए, "के म यहूदी हुँ र? तिम्रै जाति र मुख्य पूजाहारीहरूले तिमीलाई मेरो हातमा सुम्पिदिए। तिमीले के गर्‍यौ?" ३६ येशूले जवाफ

**दिनुभयो, "मेरो राज्य यस संसारको होइन। मेरो राज्य यस संसारको हुँदो हो त मेरा सेवकहरू मेरो निम्ति लड्नेथिए, र म यहूदीहरूका हातमा पर्नेथिइनँ। तर मेरो राज्य यस संसारको होइन।" ३७ पिलातसले उहाँलाई सोधे, "के तिमी राजा नै हौ त?" येशूले जवाफ दिनुभयो, "म राजा हुँ भनी तपाईं नै भन्नुहुन्छ। यसैको निम्ति म जन्मेको हुँ, र यसैको निम्ति सत्यको गवाही दिन म यस संसारमा आएको हुँ। प्रत्येक जो सत्यको पक्षमा छ, त्यसले मेरो सोर सुन्छ।" ३८ पिलातसले उहाँलाई सोधे, "सत्य के हो?" यति भनेर उनी यहूदीहरूकहाँ बाहिर निस्केर गए, र तिनीहरूलाई भने, "म यिनमा केही दोष भेट्टाउँदिनँ। ३९ निस्तार-चाड्मा एक जनालाई मैले तिमीहरूका निम्ति छोडिदिने तिमीहरूको प्रथा छ। त के तिमीहरू चाहन्छौ, कि यहूदीहरूका राजालाई छोडिदिऊँ?" ४० तर तिनीहरू फेरि यसो भन्दै कराए, "यसलाई होइन, तर बारब्बालाई।" बारब्बाचाहिँ डाँकू थियो।"**

कैयफा मूल पुरोहित थिए र येशूलाई मार्ने षडयन्त्र गर्नेहरूमध्येका मूल नाइके थिए। उनको बारेमा यहूदी इतिहासकार जोसिफसले रोमनहरूको इतिहास लेखनमा समावेश गरेका थिए। उनी यसरी लेख्छन्, "यी कुरा वाहेक उनले योशेफलाई जो मूल पुजारी थिए अपदस्थ गरे र आनानुसको छोरा जोनाथानलाई मूल पुजारीको काममा नियुक्त गरे। आनानुस भूतपूर्व मूल पुजारी थिए। कैयाफापछि जोनाथान मूल पूजारी भए।" – *जोसिफस कम्प्लिट वर्कस्* (मिशिगनः क्रेगल, १९६९), बुक १८, अध्याय ४, पृ. ३८१बाट रूपान्तरित।

यरुशलेमाको दक्षिणी भागमा सन् १९९०मा एक परिवारको चिहान भेटिएको थियो। उक्त चिहानमा १२ वटा बक्साहरू थिए जो कंङ्काल वा मरेका मानिसहरूका हाड थिए। त्यहाँ अरू भाँडाकुँडा र पैसाहरू पनि भेट्टाइएको थियो। त्यो प्रथम शताब्दीको मध्यतिरको समय थियो। सबभन्दा उल्लेखनीय एउटा बाकस थियो जसमा मानिसको नाउँ लेखिएको थियो। त्यो थियो "जोसेफ सन अफ कैयाफा।" धेरै विद्वानहरूले यो विश्वास गर्दछन् कि त्यो चिहान र कङ्कालको बाकस कैयाफाको थियो, र येशूको मृत्युमा उनको ठूलो हात थियो।

सन १९६१मा इस्राएलको मेडिटरियन समुद्रको छेऊमा रहेको सिजरा मार्टिमा सहरको एउटा पुरानो भत्केको नाचघरमा एउटा ढुङ्गामा कुँदिएको एउटा शिलालेख भेटिएको थियो। त्यसमा पोन्टियस पिलातुसको नाउँ उल्लेख

गरिएको थियो। उनी रोमका सम्राट् टिबेरियसको समयमा यहूदाका वडा हाकिम थिए।

यसरी ती दुवै घट्नामा येशू ख्रीष्टको मृत्युमा उल्लेखनीय भूमिका खेल्नेहरूको नाउँ भेटिनुले उहाँको मृत्यु इतिहासकै साक्षी भएको प्रमाण दिदछ। परमेश्वरलाई विश्वास नगर्ने प्रथम दुई शताब्दीका अन्य रोमी इतिहासकारहरूले पनि येशूको बारेमा लेखेका थिए। सम्राट टाइबेरियसको राज्यकालमा येशूको बारेमा लेख्दै पोन्टुस पिलातसले उनलाई मारेको कुरा उनले उल्लेख गरेका थिए साथै रोममा रहेका सुरूका इसाईहरूको बारेमा पनि लेखेका थिए। सन् ११२-११३तिर रोमको युवक वडा हाकिम प्लिनीले इसाईहरूलाई कसरी व्यवहार गर्ने भनेर सम्राट ट्राजनलाई पत्र लेखेका थिए। ती इसाईहरू बिहान हुँनासाथ भेला हुन्थे र तिनीहरूको ईश्वरको भजन गाउँथे भनेर उनले उल्लेख गरेका थिए।

येशू ख्रीष्ट कुनै काल्पनिक वा पुराणको व्यक्ति नभइ वास्तविक र ऐतिहासिक व्यक्तित्व हुनुहुन्छ भन्ने प्रमाण बाइबलले मात्र होइन बाइबलभन्दा बाहिरका पुरातत्वविदहरूले पत्ता लगाएका भग्नावशेस र अन्य ऐतिहासिक स्रोतले पनि बताउँछ। येशूको मृत्युपछि पनि प्रथम् ५० वर्षसम्म उहाँका भक्तहरूले उहाँको आराधना गर्दथे भनेर बाइबलभन्दा बाहिरका स्रोतहरूले बताउँदछ। येशूको बारेमा आधिकारिक स्रोत सुसमाचारका पुस्तकहरू हुन् र हामीले येशू र उहाँको जीवनको बारेमा ध्यान दिएर ती पुस्तकहरू पढ्नुपर्छ।

**पुरातत्वविदहरूको उत्खनमा भेटिएका प्रमाणहरूमा हाम्रा प्रभु येशूको विषयमा पढ्न पाउँदा उहाँप्रतिको हाम्रो विश्वास थप दरिलो त हुन्छ नै यद्यपि ती प्रमाणहरू जतिसुकै सहयोगी भएतापनि येशूप्रतिको हाम्रो आस्था वा विश्वास ती प्रमाणहरूमा आधारित हुनु हुदैन।**

## ५. आस्था र विश्वास अनि इतिहास

हामी शुन्य संसारमा रहँदैनौं वा एक्लै रहँदैनौं। हामी जे गर्छौं वा जे निर्णय गर्छौं त्यसले हामीलाईमात्र होइन अरूलाई पनि प्रभाव पार्छ। त्यसरी नै इतिहासकालमा परमेश्वरका जनहरूले तिनीहरूलाईमात्र होइन तिनीहरूका भावि पीढीहरूलाई पनि प्रभाव पारेका थिए। इसाई जगतमा बाइबलको प्रख्यात अध्याय हिब्रू ११ लाई मानिन्छ। त्यसमा परमेश्वरप्रतिको आस्थाका वीर योध्दाहरूको वारेमा उल्लेख गरिएको छ। तिनीहरूको समय र अहिलेको

समयमा रहेका येशूका विश्वासीहरूलाई धेरै जसोले कसरी प्रभाव पार्यो भनेर पावल संक्षिप्तरूपमा प्रस्तुत गर्दछन्।

हिब्रू ११ अध्याय पढ्नुहोस्। पुरानो करार अर्थात् पुरानो समयका आस्थाका बीर तथा योध्दाहरूको बारेमा अध्ययन गरेर हामी के सिक्न सिक्छौं? हेर्नुहोस् " १ अब विश्वासचाहिँ आशा राखिएका कुराको निश्चय र नदेखिएका कुराको दृढ़ भरोसा हो। २ किनकि यसै विश्वासद्वारा प्राचीन मानिसहरूलाई परमेश्वरले ग्रहण गर्नुभयो। ३ विश्वासद्वारा हामी बुझ्दछौं कि सारा विश्व परमेश्वरको वचनद्वारा सृष्टि भयो, र जो दृश्य छ त्यो अदृश्य कुराबाट बन्यो। ४ विश्वासद्वारा हाबिलले परमेश्वरलाई कयिनले भन्दा अझ ग्रहणयोग्य बलि चढ़ाए, र त्यसद्वारा नै हाबिल धर्मी ठहरिए। तिनको बलि स्वीकार गरेर परमेश्वरले आफ्नो सम्मति जनाउनुभयो। तिनी मरे तापनि विश्वासद्वारा नै तिनी अझै बोलिरहेका छन्। ५ विश्वासद्वारा मृत्यु नचाखी हनोक स्वर्गमा उठाइलगिए, र तिनी कतै फेला परेनन्, किनकि परमेश्वरले तिनलाई लानुभएको थियो। तिनी उठाइलगिनुभन्दा अघि परमेश्वरलाई तिनले प्रसन्न पारेका कुराको पुष्टि भएको थियो। ६ विश्वासविना परमेश्वरलाई प्रसन्न पार्नु असम्भव छ। किनकि जो परमेश्वरको नजिक आउँछ, त्यसले परमेश्वर हुनुहुन्छ र उहाँलाई खोज्नेहरूलाई उहाँले प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ। ७ विश्वासद्वारा नोआले त्यति बेलासम्म अदेख रहेका घटनाका बारेमा परमेश्वरबाट चेताउनी पाएर भक्तिसाथ आफ्नो घरानालाई बचाउन एउटा जहाज बनाए। यसरी संसारलाई दोषी ठहराएर विश्वासद्वारा उनी आउने धार्मिकताका उत्तराधिकारी भए। ८ विश्वासद्वारा अब्राहामले आज्ञापालन गरे, र जाऊ भनेको ठाउँतिर गए, जुन ठाउँ उत्तराधिकारको रूपमा उनले पछि पाउनेथिए, यद्यपि उनी कतातिर गइरहेका थिए, त्यो उनलाई थाहा थिएन। ९ विश्वासैद्वारा उनी एक परदेशीझैं प्रतिज्ञाको देशमा इसहाक र याकूबजस्तै तम्बूहरूमा बसोबास गरे। उनीहरू अब्राहामसँगसँगै उही प्रतिज्ञाका हकदार थिए। १० किनकि उनले एउटा जग भएको सहरको प्रतीक्षा गर्थे, जसलाई बनाउने र निर्माण गर्ने परमेश्वर नै हुनुहुन्छ। ११ विश्वासैद्वारा साराले पनि आफ्नो उमेर ढल्किसकेपछि गर्भधारण गर्ने शक्ति प्राप्त गरिन्। किनभने प्रतिज्ञा गर्नुहुनेलाई तिनले विश्वासयोग्य ठानेकी थिइन्। १२ यसैकारण मरेतुल्य शरीर भइसकेको एउटै मानिसबाट आकाशका तारा जत्तिकै असंख्य र समुद्रका किनारका अनगिन्ती बालुवाका कण जत्तिकै सन्तान उत्पन्न भए। १३ प्रतिज्ञा गरिएको कुरा प्राप्त नगरी यिनीहरू सबै

विश्वासैमा मरे, तर टाढ़ैबाट त्यसलाई देखेर स्वागत गरी तिनीहरूले मानिलिए, कि तिनीहरू यस पृथ्वीमा परदेशी र प्रवासी थिए। १४ यस्ता कुरा भन्ने मानिसहरूले आफ्नो निम्ति एउटा देश खोजिरहेका छन् भन्ने कुरा प्रष्ट हुन्छ। १५ जुन देशबाट तिनीहरू निस्केर गएका थिए, यदि तिनीहरूले त्यही देशको विषयमा सोचेका भए तिनीहरूलाई फर्किजाने मौका मिल्ने थियो। १६ तर तिनीहरू अझ उत्तम देश, अर्थात् एक स्वर्गीय देशको इच्छा गर्छन्। यसैकारण परमेश्वर तिनीहरूका परमेश्वर भनी पुकारिनु शर्माउनुहुन्न, किनभने उहाँले तिनीहरूका निम्ति एउटा सहर तयार पारिदिनुभएको छ। १७ विश्वासद्वारा आफ्नो परीक्षा हुँदा अब्राहामले इसहाकलाई बलि चढ़ाए। उनले प्रतिज्ञाहरू पाएका थिए, तापनि आफ्नो एउटै छोराको बलि चढ़ाउन उनी तयार भए। १८ यिनकै विषयमा यसो भनिएको थियो, "इसहाकद्वारा नै तेरो सन्तानको नाउँ रहनेछ।" १९ परमेश्वरले मानिसहरूलाई मरेकोबाट पनि फेरि जीवित पार्न सक्नुहुन्छ भन्ने कुरा अब्राहामले सोचे, र भनौं भने, उनले इसहाकलाई फिर्ता पाए।

२० विश्वासद्वारा इसहाकले याकूब र एसावलाई तिनीहरूका भविष्यको बारेमा आशीर्वाद दिए। २१ विश्वासद्वारा मर्ने बेलामा याकूबले आफ्नो लौरोको टुप्पामा घोप्टो परेर परमेश्वरको आराधना गरे, र योसेफको प्रत्येक छोरालाई आशीर्वाद दिए। २२ विश्वासद्वारा योसेफले आफ्नो जीवनको अन्त्यतिर इस्राएलीहरूका प्रस्थानको विषयमा उल्लेख गरे, र उनका अस्थिको विषयमा आदेश दिए। २३ मोशा जन्मँदा तिनका आमा-बुबाले तिनलाई सुन्दर देखे, र विश्वासद्वारा तीन महिनासम्म तिनलाई लुकाइराखे, र राजाका हुकुमको तिनीहरूले डरै मानेनन्। २४ जवान भएपछि विश्वासद्वारा मोशाले फारोकी छोरीका छोरा कहलाइन इन्कार गरे। २५ पापको क्षणिक सुख भोग्नुभन्दा बरु परमेश्वरका मानिसहरूसँग थिचोमिचोमा पर्न तिनले रोजे। २६ मिश्रदेशको धन-सम्पत्तिभन्दा ख्रीष्टको निम्ति निन्दित हुन तिनले मूल्यवान् सम्पत्ति ठाने। किनभने तिनले आफ्नो दृष्टि इनामतिर लाएका थिए। २७ राजाको क्रोधसँग नडराएर विश्वासद्वारा तिनले मिश्रदेश छोड़े। किनकि अदृश्य हुनुहुनेलाई देखेझैं गरी तिनी स्थिर रहे। २८ ज्येष्ठलाई नाश गर्नेले तिनीहरूलाई छुन नपाऊन् भनेर तिनले विश्वासद्वारा निस्तार-चाड़को विधि पालन गरे र रगत छर्के। २९ विश्वासद्वारा ओबानो भूमिमाझैं गरी हिँड़ेर तिनीहरूले लाल समुद्र पार गरे, जुन कुरो मिश्रीहरूले प्रयत्न गर्दा डुबेर मरे। ३० सात दिनसम्म परिक्रमा गरेपछि

विश्वासैबाट यरीहोका पर्खालहरू ढले। ३१ जासूसहरूलाई राम्रो स्वागत गरेकी हुनाले अनाज्ञाकारीहरूका साथमा राहाब वेश्या नाश भइनन्। ३२ अरू बढ़ी म के भनूँ? किनकि गिदोन, बाराक, शिमशोन, यिप्ताको बारेमा, र दाऊद, शमूएल र अगमवक्ताहरूका विषयमा भनिरहन मलाई समय छैन– ३३ जसले विश्वासद्वारा राज्यहरू कब्जा गरे, न्याय स्थापना गरे, प्रतिज्ञाहरू हासिल गरे, सिंहका मुखहरू थुनिदिए, ३४ आगोका ज्वालाहरू निभाए, तरवारका धारबाट उम्के, कमजोरीबाट बलिया भए, युद्धमा वीर भए, विदेशीहरूका फौजलाई भगाए। ३५ स्त्रीहरूले आफ्ना मरेकाहरूलाई पुनरुत्थानद्वारा जीवित पाए। अरूहरूले मृत्युपछि अझ उत्तम जीवन प्राप्त गर्नलाई छुटकारा इन्कार गरेर बरु सास्ती भोगे। ३६ अरूहरूले गिल्ला, कोर्राबाजी, बन्धन र कैद पनि भोग्नुपर्‍यो। ३७ तिनीहरूलाई ढुङ्गाले हाने। तिनीहरू करौंतीले चिरिए। तिनीहरू तरवारले मारिए। भेड़ा र बाख्राका छालाहरू लाएर कङ्गाल भई क्लेश र दुःख पाएर तिनीहरू यताउता डुलिर्हिँड़े। ३८ संसार तिनीहरूका निम्ति योग्यको थिएन। मरुभूमि, पहाड़हरू, गुफाहरू र पृथ्वीका ओड़ारहरू हुँदो तिनीहरूलाई घुमिर्हिँड्नुपर्‍यो। ३९ तिनीहरू सबैले आफ्ना विश्वासको निम्ति ठूलो प्रशंसा पाए, तर प्रतिज्ञा गरिएका कुराचाहिँ पाएनन्। ४० परमेश्वरले हाम्रा लागि अझ असल योजना राख्नुभएको थियो, ताकि हामीसँगय मात्रै तिनीहरू सिद्ध तुल्याइऊन्।"

माथि उल्लेख गरिएका आस्थाका वीरहरूको विषयमा सोच्नुहोस्ः हनौक, नोहा, अब्राहम, सारा, जोसेफ वा योसेफ, मोशा, राहाब, सामसन।

विश्वास भनेको केवल कसैमाथि वा कुनै थोकमा विश्वास गरेर वस्नुमात्र होइन तर विश्वासको प्रत्युत्तरमा कसरी सक्रिय भएर देखाउने भन्ने कुरा पनि आउँछ। (अर्थात् विश्वासले मानिसको जीवनशैलीमा प्रभाव पारेनभने त्यो विश्‌वासको कुनै अर्थ हुदैन)। परमेश्वरमाथिको विश्वास वा आस्था सक्रिय हुन्छ वा त्यसले काम गरेको हुन्छ। यसैलाई धार्मिकतामा गनिन्छ। ती विश्वासका बीर वा धरोहर व्यक्तिहरूमा भएको विश्वासले इतिहासलाई परिवर्तन गर्दछ। परमेश्वरको वचनमाथि भरपर्नु नै ती आस्थामा रहेका प्रत्येक व्यक्तिको क्रियाकलाप वा सक्रियताको आधार थियो।

परमेश्वरको वचनमाथि विश्वास गरेर नै नोहाले जहाज बनाएका थिए। परमेश्वरले जहाज बनाऊ भनेर अऱ्हाउँदा उनले आफ्नो अनुभव वा तर्कलाई अघि सारेर आनाकानी गरेनन्। त्यसबेला भन्दाअघि पृथ्वीमा कहिल्यै पनि पानी परेको थिएन। अनुभव र तर्कलाई अघि सार्ने हो भने जलप्रलय हुन्छ

भन्ने कुरा नै त्यस परिस्थितिमा एकदमै मूर्खतापूर्ण थियो। तर नोहाले परमेश्वरको आज्ञा पालना गरे र मानव जाति बाचे। पहिला अब्राम नाउँ गरेका व्यक्तिलाई ऊर भन्ने सहरबाट निस्कन अऱ्हाउनुभएको थियो। त्यो सहर त्यस बेलाको संसारकै प्रख्यात सहर दक्षिणी मेसोपोटामियामा थियो। त्यो क्षेत्र त्यसबेलाको सभ्यतामा अग्र स्थानमा थियो। तर बिना प्रश्न परमेश्वरले जहाँ जाऊ भन्नुभयो त्यहाँ जान अब्राहम आफ्नो परिवारसहित त्यो सहरबाट निस्के। उनले पनि परमेश्वरकै वचन अनुसार काम गर्ने निर्णय गरेका थिए। मोशा त्यसबेलाको शक्तिशाली साम्राज्य इजिप्ट वा मिश्रदेशमा जन्मिएर राजाको दरवारमा हुर्केका थिए। त्यसबेलाको महान् साम्राज्यमा उनले राजा हुने अवसर पनि पाएका थिए। तर प्रतिज्ञा गरिएको देशमा परमेश्वरका जनहरूलाई लैजान पहिला उनी गोठाला भएर तालिम लिन राजी भएका थिए। जलिरहेको पोथ्राबाट आएको शक्तिशाली परमेश्वरको आवाजलाई उनले विश्वास गरेका थिए। बेश्या भनेर समाजबाट तिरस्कृत राहबले परमेश्वरको उद्धारलाई विश्वास गरेकी थिइन्। तिनले दुई गुप्तचरहरूलाई सुरक्षा दिइन् र उनकै बंशबाट येशूको जन्म भएको थियो। हामीले गरेको निर्णयले हाम्रोमात्र र वर्तमान समयका अनगिन्ति मानिसहरूमात्र पनि होइनन् तर हामीपछि आउने पीढीहरूलाई पनि कस्तो प्रभाव पार्छ भन्ने कुरामा हामी संवेदनशील हुनैपर्दछ।

**तपाईंको सामु पनि केहि त्यस्ता निर्णयहरू गर्नुपर्ने समय आइरहेका हुन सक्छन्। तपाईं अब ती निर्णयहरू कसरी गर्नुहुन्छ ?**

## उपसंहारः

**थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित *पाट्रयार्क एण्ड प्रोफेटसको* पृ. ६४३-६४८को "देभिद एण्ड गोलियाथ", *प्रोफेटस एण्ड किङ्गसको* पृ. ३३१-३३९को "हेजकिया" र पृ. ३४९-३६६को "डेलिभरेन्स फ्रम असेरिया" र सेक्सन ४.केको "मेथडस अभ बाइबल स्टडी" जुन यो वेभसाइटमा पाइन्छः** *http://www.adventistbiblicalresearch .org/materials/bible-interpretation-hermeneutics/methods-bible-study.* "बाइबल अत्यन्तै पुरानो र मानव इतिहासलाई चाहिने अत्यन्तै महत्वपूर्ण पक्षहरू समावेश भएको पुस्तक हो जुन मानिसहरूको हातमा छ। यो अनन्त सत्यको मूहानबाट ताजा भएर आएको थियो। युगौं युगसम्म परमेश्वरको हातले यसको शुद्धतालाई रक्षा गरेको थियो। यसले विगतका टाढा इतिहास वा समयको बारेमा प्रकाश गर्दछ

जसलाई मानिसहरू सोधअनसुन्धानद्वारा व्यर्थमा गलत सावित गर्न खोज्छन्। परमेश्वरको वचनमामात्र यस पृथ्वीको जग बसाल्ने र विशाल आकाश सम्हाल्ने शक्तिलाई हामी हेर्न सक्छौं। मानिसको र राष्ट्रहरूको सुरूको आधिकारिक विवरण हामी बाइबलमामात्रै पाउँछौं। मानिसहरूको घमण्ड र पूर्वाग्रहले दुषित नपारेको हाम्रो मानव इतिहास हामी बाइबलमामात्रै पाउँछौं।"-एलेन जी ह्वाइट, *एजुकेशन,* पृ. १७३बाट रूपान्तरित।

"जोसँग परमेश्वरको ज्ञान छ र उहाँको वचन छ त्योसँग पवित्र ईश्वरीय हात पनि छ भनेर ढुक्क हुँदै उसले आफ्नो आस्थालाई ठेगानमा राखिछोड्छ। मानिसले प्रतिपादन गरेको विज्ञानको तर्कहरूद्वारा उसले बाइबललाई जाँच्दैन। यदि विज्ञानको कुनै तर्क छ भने त्यसलाई जाँच्न बाइबलको त्रुटीरहित स्तरमा उसले ल्याउँदछ। परमेश्वरको वचन सत्य हो भनेर उसलाई थाहा हुन्छ। वैज्ञानिक भनाउँदाहरूले सिकाएका कुराहरू परमेश्वरले देखाउनुभएको सत्यको बिपरीत छ भने त्यो केवल मानिसको अनुमानमात्र हुन आउँछ।

"यदि कोही बुद्धिमानी र ज्ञानी हुन चाहन्छ भने विज्ञानको खोज अनसुन्धानले सोच र सूचनाको ठूलो क्षेत्र खोल्दछ।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ८, पृ. ३२५बाट रूपान्तरित।

**चिन्तनमनन्:**

अ. हो, पुरातत्वविदहरूले पुरानो भग्नावशेसहरू उत्खनन् गरेर बाइबलको इतिहासलाई पुष्टि गरेको थाहा पाउँदा हामीलाई खुशी नै लाग्दछ। तर पुरातत्वविदहरूले भेट्टाएका सामग्रीहरूको व्याख्या बाइबलको कथासँग बाझियो भने त्यसबेला हामीले के गर्ने? परमेश्वरको वचन नै अन्तिम सत्य हो भनेर हामीले किन अडान लिनुपर्छ? हाम्रो विश्वास वा आस्थाको आधार कुनै पुरातात्विक प्रमाण वा मानवीय विज्ञानले दावी गरे अनुसार किन हुनुहुँदैन?

आ. बाइबलमा लेखिएका भविष्यवाणीहरू विगतको समयमा कसरी पूरा भए र अहिले पनि पूरा भइरहेका छन् त्यसको बारेमा सोच्नुहोस्। दानिएल २ र ७ मा गरिएका राज्यहरूको भविष्यवाणी पूरा भएका थिए भन्ने कुरा इतिहासले देखाएको छ र पूरा भइरहेकै पनि छन्। ती पूरा भएका भविष्यवाणीहरूले आउने भविष्यमा पनि भविष्यवाणीहरू पूरा हुनेछन् भनेर परमेश्वरको वचनलाई हामीले कसरी पक्रिराख्ने?

# कथा १०
# आर्मेनियादेखि साइप्रससम्म
# इरमिन ओर्फानिडी

म युरोप र एशियाको बीचमा रहेको देश आर्मनियामा जन्मेको थिएँ। मेरो बुबा ग्रीक हुनुहुन्थ्यो भने मेरी आमा आर्मेनियाकी थिइन्। सानैदेखि म परमेश्वरलाई विश्वास गर्थें र मसँग मेरो आफ्नै निजी बाइबल होस् भन्ने मेरो चाहाना थियो। तर त्यसबेला बाइबल पाउन गाह्रो थियो र आर्मनियामा बाइबल धेरै महँगो थियो।

एकदिन मेरो छिमेकीले श्रृखलावद्धरूपमा चल्ने कार्यक्रममा आउन मलाई निम्तो दियो। त्यो छिमेकी सेभेन्थ-डे एडभेन्टिस्ट थियो। जो जो कार्यक्रम नटुटाइ सहभागी हुन्छन् तिनले बाइबल पाउँनेछन् भनेर भनिएको थियो। त्यो धारणा मलाई असाध्यै मन पर्‍यो र कार्यक्रममा नियमितरुपमा सहभागी भएँ। आखिरमा मैले बाइबल उपहार पाएँ। अब मसँग मेरो आफ्नै बाइबल थियो यसमा मलाई धेरै नै गौरब लागेको थियो।

मृत्युको बारेमा सम्झदा मलाई जहिले पनि नराम्रो लाग्थ्यो। यस ससारमा बेकारमा जन्मिएछु जस्तो लाग्थ्यो। तब एक दिन प्रचारकले येशूको दोस्रो आगमनमा पुनरुत्थानको बारेमा सिकाए। यो सन्देश अचम्मको थियो। पुनरुत्थान भएका मानिसहरू चिहानबाट आएको चित्र उनले देखाएका थिए। त्यो कुरा मेरो मनमा अझ पनि ताजै छ। जब बप्तिस्माको निम्ति आह्वान गरियो त्यहाँ हात उठाउनेहरूमा म पहिलो भएँ।

केही न केही भयो। बप्तिस्मा लिनुभन्दा पहिले केही पटक बाइबल पढें तर मैले केही पनि बुझ्न सकिनँ। अरू मानिसहरू घन्टौंसम्म बाइबल कसरी पढ्दा रहेछन् भनेर मैले अचम्म मान्दै सोचें। बप्तिस्मा पछि सबै कुरो खुला भयो। बाइबल पढ्ने र बुझ्ने क्षमता पाउनु पनि मेरो जीवनमा परमेश्वरले गर्नुभएको अचम्मका कामहरूमध्ये यो पनि एउटा रहेछ भनेर मैले महसुस गरेको छु।

बप्तिस्मा लिएको चार महिनापछि म साइप्रसमा सरें। मेरो बुबा ग्रीक भएपनि मैले ग्रीक भाषा बोलेको थिइनँ। अपरिचित ठाउँमा मलाई अनौठो लाग्यो। साइप्रसमा १६ वर्षसम्म बस्दा त्यहाँ पनि एडभेन्टिस्ट चर्च छ भन्ने

मलाई थाहा थिएन। मेरो जीवनमा धेरै दुःखकष्ट र परीक्षाहरू आए तर परमेश्वरले मलाई साथ दिइरहनुभएको थियो।

अनि साथीको सहयोगले एडभेन्टिस्ट चर्च पत्ता लगाएँ। अनि १६ वर्षसम्म चर्च नजादा अरू एडभेन्टिस्टहरूले के भन्लान् भनेर मेरो मनमा खुल्दुली भयो। तिनीहरूले मसँग कस्तो व्यवहार गर्लान् भनेर पनि सोचें। जब म पहिलोपल्ट चर्चमा गएँ तब त्यहाँका विश्वासीहरूको स्नेहले मेरा सबै अनुमानहरू फेल भए। अहिलेसम्म चर्च मेरो परिवार हो र मेरो दोस्रो घर भइरहेको छ।

पाँच वर्ष अघि चर्चमा पहिलोपल्ट गएदेखि मैले साबथमा चर्च जान कहिल्यै पनि टुटाइनँ। अहिले म साइप्रसमा बोल्ने ग्रीक भाषा राम्रैसँग जान्दछु। साबथस्कूलमा पढाउन मलाई धेरै रहर लागेको छ। अझ खुशीको कुरो त मेरी आमा, साली र दुई जना भदैनीहरू पनि मसँग चर्चमा आउँछन्। एडभेन्टिस्ट विश्वासीहरूको प्रेमले सबैलाई जितेको थियो। मेरो छोराले पनि एकदिन येशूलाई  विश्वास गर्नेछ भनेर म प्रार्थना गर्दै पर्खिरहेको छु।

*(परमेश्वरको भलाईप्रति म उहाँलाई धन्यवाद दिन्छु। अनन्त जीवनमा उहाँसँग खुशीसाथ समय बिताउन म पर्खिरहेको छु। यस त्रैमासिकको साबथ स्कूलको भेटीको भाग निकोसिया नयाँ चर्च बनाउन र सामुदायिक भवन बनाउन दिइनेछ)।*